# बाह्रौं आवधिक योजना २०६७/०६८ - २०६९/०७० मा हुलाक

## अध्याय ६

## पूर्वाधार विकास नीति

### ६.६ सूचना तथा सञ्चारः

**२. अद्यावधि स्थितिः** जिल्ला हुलाकहरुमा काउन्टर अटोमेसन गर्ने लक्ष्य भएकोमा गोश्वारा हुलाकमा मात्र उक्त कार्य सम्पन्न भएको छ। त्यस्तै २२० हुलाक कार्यालयमा टेलिसेन्टरहरुको स्थापना भयो।

**३. समस्या तथा चुनौतीः** हुलाक सेवालाई आधुनिकीकरण र विविधीकरण गर्न स्रोतगत (वित्तीय र जनशक्तिको) समस्या।

**४. दीर्घकालीन सोचः** हुलाक सेवालाई विविधीकरण गर्दै छरितो संयन्त्रद्वारा प्रभावकारी हुलाक सेवा प्रवाह गर्ने।

**६. रणनीतिः**

१. हुलाक सेवाको विविधीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने।

### ७. कार्यनीतिः

१. हुलाक कार्यालयहरुमा बहुउद्देश्यीय टेलिसेन्टरको स्थापना गरी हुलाक सेवालाई ई-सेन्टरको रुपमा विकास गरिनेछ।
२. हुलाक सेवाको लागि आवश्यक जनशक्ति विकास कार्यक्रम सञ्चालन गरिनेछ।
३. जीर्ण हुलाक कार्यालयहरुको भौतिक अवस्थामा सुधार एवं विकास गरिनेछ।
४. हुलाक सेवामा सार्वजनिक निजी साझेदारीको अवधारणालाई कार्यान्वयन गर्दै लगिने छ।
५. सबै जिल्ला हुलाक कार्यालयहरुमा काउन्टर अटोमेशन गरिनेछ।
६. निजी क्षेत्रसँग सहकार्य गरी हुलाक सेवाको विविधीकरण र व्यावसायीकरण गर्दै सेवालाई सक्षम एवं भरपर्दो बनाइनेछ।
७. हुलाक सेवालाई प्रतिस्पर्धी एवं आत्मनिर्भर बनाउन पूर्वाधार तयार गरिनेछ।
८. हुलाक बचत बैंक सेवालाई विस्तार गरिनेछ।

### ८. परिमाणात्मक लक्ष्यः

| क्र.सं. | विवरण | आ.व. २०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| ५. | हुलाक कार्यालयहरुमा Counter Automation को व्यवस्था | गोश्वारा हुलाकमा कार्य सम्पन्न भएको | सबै जिल्ला हुलाक कार्यालयहरुमा हुने |

## ९. प्रमुख कार्यक्रमः

- हुलाक सेवाको आधुनिकीकरण र विविधीकरणः हुलाक कार्यालयमा धनादेश, बचत बैङ्क, द्रुत डाँक सेवा, इ-पोष्ट, इ-मनि ट्रान्सफर सेवाको विस्तार र विविधीकरण गर्ने तथा टेलिसेन्टरको स्थापना विस्तार र सो बाट प्राप्त आम्दानीबाट आत्मनिर्भर र स्वायत्ततातर्फ अगाडि बढाउने कार्यक्रम सञ्चालन गर्ने।